# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ४) झापा, माघ १८ गते, २०७७ साल (संख्या ५

भाग २

## “शिवसताक्षी नगरपालिकाको नगर युवा परिषद संचालन कार्यविधि, २०७७”

### प्रस्तावना

शिवसताक्षी नगरपालिकाका युवाहरुको हक हितको संरक्षण र प्रबर्द्धन गर्दै उनीहरुको सशक्तीकरण एवं समग्र विकासका साथै शिक्षा, सीप, उद्यमशलिताका माध्यमबाट स्वास्थ, अनुशासित र स्वरोजगार युवाहरुको विकास गर्न तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत नगरपालिका निर्माणका लागि नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायमा युवाहरुलाई नगर विकासको मुलप्रवाहमा समाहित गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी शिवसताक्षी नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**1. संक्षिप्त नाम र प्रारम्भ :-**

१) यस कार्यबिधिको नाम **“शिवसताक्षी नगरपालिकाको नगर युवा परिषद संचालन कार्यविधि, २०७७”** रहेको छ।

२) यो कार्यविधि प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) **“अध्यक्ष”** भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

ख) **“उपाध्यक्ष”** भन्नाले परिषदको उपाध्यक्ष सम्झनु पर्छ।

शिवसताक्षी नगरपालिका, झापा

**ग) "क्लब"** भन्नाले यस कार्यबिधिको दफा ११ बमोजिम टोल र वडामा गठन हुने युवाहरुको क्लबलाई जनाउँछ ।

**घ) "तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिको अधिनमा रहि कार्यापालिका वा नगर सभाबाट तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**ङ) "नगर प्रमुख" भन्नाले** शिवसताक्षी सताक्षी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

**ङ) "नगरपालिका"** भन्नाले शिवसताक्षी र नगरपालिकालाई जनाउँछ ।

**च) "परिषद"** भन्नाले यस कार्यबिधिको दफा ५ बमोजिम स्थापना भएको नगर युवा परिषद सम्झनुपर्छ ।

**छ) "युवा"** भन्नाले १६ वर्षदेखि ४० वर्षसम्म्को उमेर भएको व्यक्ति सम्झनुपर्छ ।

**ज) "विशेष समुदायको युवा"** भन्नाले द्वन्द्व पिडित, जोखिममा परेका, दलित, जनजाति, गरिबीको रेखामुनी रहेका, अपाङ्गता भएका वा सिमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका युवा सम्झनुपर्छ ।

**झ) "सदस्य"** भन्नाले नगर युवा परिषदका पदाधिकारी, सदस्य र सदस्य सचिब समेतलाई जनाउँछ ।

## परिच्छेद-२
## परिषदको स्थापना

**३.परिषदको स्थापना :-**

१) प्रस्तावनामा उल्लेखित कार्यहरु समेतका लागि नगरपालिकामा एक नगर युवा परिषद स्थापना गरिनेछ ।

२) नगर युवा परिषदको कार्यालय शिवसताक्षी नगरपालिकामा रहनेछ ।

३) परिषदले नगरपालिकाको स्वीकृति लिई नगरका अन्य स्थानमा पनि आफ्नो सम्पर्क कार्यालय संचालन गर्न सक्नेछ ।

## परिच्छेद-३
## परिषद गठन, काम,कर्तव्य र अधिकार

**४. परिषदको गठन :- १)** नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

| | | |
|---|---|---|
| क) नगर प्रमुख | - | अध्यक्ष |
| ख) नगर कार्यपालिकाले तोकेको युवा | - | उपाध्यक्ष |
| ग) युवा विकासको क्षेत्रमा योगदान गरेकामध्ये परिषदले मनोनित गरेका एक जना महिलासहित दुई जना युवा | - | सदस्य |
| घ) वडास्तरीय युवा क्लबबाट परिषदले मनोनित गरेको एक जना महिलासमेत दुइ जना | - | सदस्य |
| ङ) विशेष समुदायबाट परिषदले मनोनित गरेको एक जना महिला समेत दुई जना | - | सदस्य |
| च) नगरपालिकाले तोकेको कर्मचारी | - | सदस्य सचिव |

२. मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।



शिवसताक्षी नगरपालिका, झापा

३. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा नगरकार्यपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

४. उपनियम (३) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

५. मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.इ.इ. उत्तिर्ण भएको हुनुपर्नेछ ।

**५. परिषदको काम, कर्तव्य र अधिकार**: यस कार्यबिधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) युवासम्बन्धी नगरको दीर्घकालिन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने, ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी बार्षिक योजना तथा कार्यक्रम बनाई नगरपालिकामा पेश गर्ने ।

ग) परिषद सँग आवद्धता प्राप्त गर्ने संघ संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने ।

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

ङ) युवालाई नगर तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

च) परिषदको वार्षिक योजना कार्यक्रम तथा बजेट प्रस्ताव गरि नगरपालिकामा पेश गर्ने ।

छ) नगर स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालनका कार्यक्रमहरु संचालन गर्ने,

झ) नगर स्तरमा युवामा विशेष सिप र उद्यमशिलता तथा नेतृत्व विकास सम्बन्धि कार्यहरु गर्ने,

ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषदसँग समन्वय तथा सहकार्य गर्ने,

ट) युवाका क्षेत्रमा संघ, प्रदेश तथा अन्य पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने

ठ) युवाहरु बिच नवप्रवर्तन तथा विशेष क्षमता अभिबृद्धिका कार्यहरु गर्ने ।

ड) नगरमा रहेका बाल क्लब, बाल संजाल तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरि सामाजिक बिकृति तथा कुप्रथा अन्त्य गर्न पहल गर्ने ।

ढ) नगरलाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा तथा कार्यान्वयनका लागि आवाश्यक क्रियाकलापहरु संचालन गर्ने ।

ण) बालबालिका, असाहाय तथा अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुका हितमा कार्यहरु गर्ने

त) तोकिएका अन्य कार्यहरु गर्ने ।

**६. परिषदको बैठक र निर्णयः**

१. परिषदको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यतः तीन महिनाभन्दा बढी हुने छैन ।

२. परिषदको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिबले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. परिषदको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषदका सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

४. परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. परिषदको बैठकको अध्यक्षतामा अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

६. परिषदको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७. परिषदको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी छुट्टै किताबमा राख्नु पर्नेछ ।

८. कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

९. परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

### ७. कार्यकारी समितिको गठनः

१) परिषदको कार्यकारी निकायको रुपमा एक कार्यकारी समिति रहने छ ।

२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः

क) युवा परिषदको उपाध्यक्ष -अध्यक्ष

ख) परिषदका सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला रहने गरी परिषदले मनोनित गरेका तीनजना -सदस्य

ग) नगरपालिकाले तोकेको कर्मचारी -सदस्य-सचिव

४) उपनियम (२) को खण्ड (ख) बमोजिमको सदस्यको पदावधि परिषदको सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

### ८. कार्यकारी समितिको बैठक र निर्णयः

१) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा सदस्य- सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

४) कार्यकारी समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरुलाई दिनेछ ।

५) कार्यकारी समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

६) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

७) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८) कार्यकारी समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

९) कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) परिषदको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद समक्ष पेश गर्ने,

ख) परिषदबाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ग) युवा सम्बन्धि विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने ।

घ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यक्रम संचालन गर्ने ।

ङ) युवासम्बन्धि सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने,

च) परिषदको मातहतमा रहि दैनिक कार्य संचालन गर्ने ।

छ) परिषदको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

### १०. युवा क्लबको गठन

(१) नगरपालिका क्षेत्रका टोल/समुदायस्तरमा युवाक्लव गठन गरिनेछ ।

(२) सम्बन्धित टोल/समुदायस्तरमा युवाहरुको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र  कोषध्यक्ष १/१ जना तथा ४ देखि ६ जना सम्म सदस्य रहने गरि युवाक्लवको कार्य समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

क) सम्बन्धित टोल समुदायमा बसोवास गरेको ।

ख) उमेर १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(४) उपदफा (३) बमोजिम गठन भएको युवाक्लवको कार्यसमितिले नगरपालिकाको कार्यालयमा दर्ता/सूचीकृत वा आवद्धताको लागि निवेदन दिनुपर्नेछ ।

(५) नगरपालिकाको कार्यालयमा दर्ताका लागि युवाक्लवहरुबाट उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा सुचिकृत आबद्धता वा दर्ता गरी प्रमाण - पत्र दिनुपर्नेछ

(६) युवाक्लवले सम्बन्धित वडाको जनप्रतिनिधि समावेस गरी बढीमा ५ जना सम्म रहेको सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

(७) अन्य निकायमा दर्ता भएका युवा क्लबहरुले नगरपालिकामा सूचिकृत वा आवद्धता प्रमाण पत्र प्राप्त गरेर मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्न सक्ने छन् ।

(८) युवा क्लबले संचालन गरेका कार्यक्रमहरु तथा अन्य काम कुरामा सम्बन्धित वडा समितिको कार्यालयले रेखदेख, अनुगमन तथा मार्गदर्शन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु वडा क्लबको कर्तव्य हुनेछ ।

(१०) युवा क्लबमा एकै टोल समुदायमा बसोबास रहेका कम्तिमा २५ जना युवा साधारण सदस्य रहेको हुनु पर्नेछ ।

**११. युवाक्लबको काम, कर्तव्य र अधिकारः**

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषदसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) नगर तथा वडा स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, परिषद तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(६) राष्ट्रिय युवा परिषद प्रदेश युवा परिषद नगर युवा परिषद र मातहतका निकायहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(७) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तीमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ,

(८) वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यावस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(९) परिषद तथा वडा युवा संजालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने

**१२. युवा क्लवको बैठक सम्बन्धी व्यवस्था :**

(१) युवाक्लवको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।

(२) कुल पदाधिकारी संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठक २ महिनामा १ पटक अनिवार्य बस्नुपर्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।

(४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

(५) बैठक सम्बन्धी अन्य व्यवस्था युवा क्लव आफैंले निर्धारण गर्नेछ ।

शिवसताक्षी नगरपालिका, झापा

## परिच्छेद ६
## परिषदसँग आवद्धता र कार्यक्रम सञ्चालन

**१३. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्नेः**

१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका नगरपालिका क्षेत्रभित्रका र नगरभित्र काम गर्न चाहने संघ संस्था परिषदमा अनिवार्य आबद्ध हुनुपर्नेछ ।

२) आवद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद समक्ष निवेदन दिनुपर्नेछ ।

३) उपनियम (२) बमोजिम निवेदन दिने संघ संस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा कार्यकारी समितिले रु ५००।- दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आवद्धता प्रदान गर्न सक्नेछ ।

४) उपनियम (३) बमोजिम आवद्ध भएका संघ संस्थाले प्रत्येक १ वर्षमा रु २००।- दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

५) उपनियम (३) बमोजिम परिषदसँग आवद्ध भएका संघ संस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद समक्ष पेश गर्नु पर्नेछ ।

६) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, लगातार दुई आर्थिक वर्षसम्म आवद्धता नविकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आवद्धता रद्द गर्न सकिनेछ ।

८) नगरपालिका भित्र युवासम्बन्धी कार्य गर्ने वा गर्न चाहने कुनै संघ संस्थाले कुनै निकायबाट कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषदको पुर्वस्वीकृति लिनुपर्नेछ ।

**१४. कार्यक्रम सञ्चालन गर्न** सक्नेः

(१) दफा १८ बमोजिम परिषदसँग आवद्ध भएका युवाक्लब वा संघ, संस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षण गर्न खेलकुद लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७
## परिषदको कोष सम्बन्धी व्यवस्था

**१५. परिषदको कोषः** (१) परिषदको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछनः

क) संघीय सरकार प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) परिषदले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) उपनियम (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषदले नगरपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषदको नामबाट गरिने सबै खर्चहरु उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ

(५) परिषदको कोषमा रहने सम्पूर्ण रकम परिषदले तोकेको कुनै वाणिज्य बैकमा परिषदको नाममा खाता खोली नगरपालिकाको कार्यालयबाट परिषदको खाता संचालन हुनेछ ।

## परिच्छेद-८
## विविध

**१६. भाग लिन नहुने**: परिषदको कुनै सदस्य वा पदाधिकारीले परिषदको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**१७. उपसमिति वा कार्यदल गठन गर्न सक्ने**: (१) परिषदले यो कार्यविधि बमोजिम आफुले गर्नु पर्ने कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यकाल तथा काम, कर्तव्य र अधिकार सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद वा कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

**१८. वार्षिक प्रतिवेदन**: (१) परिषदले आफुले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद र युवाक्लवहरुले वर्षभरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, परिषदको कोषको तथा स्रोत साधनको अवस्था, परिषदबाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

**१९. निर्देशन दिन सक्ने**: (१) नगरपालिकाले परिषदको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम दिइएको राय सुझाव तथा निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

**२०. अधिकार प्रत्यायोजन**: (१) परिषदले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. शपथ ग्रहण गर्नु पर्ने**: परिषद र कार्यकारी समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि परिषदको अध्यक्ष समक्ष अनुसूची ३ बमोजिमको शपथ लिनु पर्नेछ ।

**२२. सहयोग गर्नु पर्ने**: परिषदको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु नगरपालिका र मातहतका निकाय सबैको कर्तव्य हुनेछ ।

**२३. परिषद विघटन**: (१) परिषदले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा नगरपालिकाले जुनसुकै बखत परिषद वा कार्यकारी समिति विघटन गर्न सक्नेछ ।

**२४. सर्म्पक राख्ने**: परिषदले संघीय सरकार र प्रदेश सरकारसँग सम्पर्क र समन्वय गर्नु परेमा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

**२५. विनियम बनाउने अधिकार**: (१) यो कार्यविधिको अधिनमा रही परिषदले आवश्यक विनियम वा निर्देशिका बनाइ स्वीकृतिका लागि नगरपालिकामा पेश गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम आर्थिक व्यवभार पर्ने विषयमा विनियम वा निर्देशिका बनाउँदा परिषदले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**२६. कार्यबिधिको व्याख्या** : यो कार्यबिधि कार्यन्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद भएमा कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

शिवसताक्षी नगरपालिका, झापा

## अनुसूची-१

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

युवा क्लब तथा संघसंस्थाहरुले आवद्धताका लागि दिने निवेदनको ढाँचा

मिति:......................

श्री नगर युवा परिषद
शिवसताक्षी नगरपालिका ।

**विषय: आवद्ध हुन पाऊँ** ।

शिवसताक्षी नगरपालिकाको नगर युवा परिषद कार्यबिधि २०७७ बमोजिम परिषदसँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषदसँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छौं ।

१. संघ वा संस्थाको नाम:

२.संघ वा संस्थाको ठेगाना:............नगरपालिका/ गाउँपालिका वडा नं. .........जिल्ला ...........

(ग) फोन नम्बर .................   (घ) फ्याक्स नं. ...........................ङ) ईमेल: ............... च) वेभसाईट : ..................................

३. संघ वा संस्थाको नविकरण बहाल रहने अवधि:

४. संघ वा संस्थाका मुख्य पदाधिकारीको नाम, ठेगाना र सम्पर्क:

क)

ख)

ग)

घ)

**६. संलग्न गर्नु पर्ने कागजातहरु:**

क) संघ वा संस्था दर्ताको प्रमाणपत्र:

ख) निवेदक संघ वा संस्थाको विधानको प्रतिलिपि:

ग) पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन :

निवेदकको:
नाम,थर:
ठेगाना:
दस्तखत:
पद:
संघ वा संस्थाको नाम:
ठेगाना:

संस्थाको छाप:

शिवसताक्षी नगरपालिका झापा

## अनुसूची २

**(नियम १३ को उपनियम (३) सँग सम्बन्धित)**
**परिषदमा आवद्धताको प्रमाणपत्र**

श्री.....................................ले मिति...........................मा यस परिषदमा आवद्ध हुन पाऊँ भनी दिएको निवेदन उपर कारवाही हुँदा परिषदको मिति .............. को निर्णयानुसार त्यस युवा क्लब/संघ वा संस्थालाई नगर युवा परिषद कार्यविधि, २०७७ को नियम १८ को उपनियम (३) बमोजिम शिवसताक्षी नगर युवा परिषदमा आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. आवद्धता नम्बर: मिति

२.आवद्धता कायम रहने अवधि:

प्रमाण-पत्र जारी गर्ने अधिकारीको

नाम,थर:-
पद:-
मिति:-

समितिको छाप:-

यस पानाको पछाडी नविकरण सम्बन्धी विवरण रहने

| सि.नं. | नविकरण मिति | नविकरण बहाल रहने मिति | नविकरण शुल्क र रसिद न | नविकरण गर्ने कर्मचारीको दस्तखत | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

शिवसताक्षी नगरपालिका, झापा

**अनुसूची ३**
**(नियम २१ सँग सम्बन्धित)**
**शपथ**

म देश र जनताका नाममा शपथ लिन्छु कि शिवसताक्षी नगरपालिका नगर युवा परिषदको ............... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा समाजप्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

शपथ ग्रहण गर्नेको:
नामः
दस्तखतः
मितिः
पदः

शपथ ग्रहण गरेको प्रमाणित गर्नेको:
नामः
दस्तखतः
मितिः
पद :

**आज्ञाले**
**गीताकुमारी राई**
**प्रमुख प्रशासकीय अधिकृत**

शिवसताक्षी नगरपालिका, झापा